# उत्तरगया गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

अन्तिम प्रतिवेदन

## गाउँ कार्यपालिकाको कार्यालय

उत्तरगया, रसुवा, प्रदेश नं. ३

नेपाल

२०७६

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *उत्तरगया गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **तयार गर्ने :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ* |
| **सहयोग :** | *पूर्णिमा : भूकम्प पश्चात्को पुर्नलाभमा वेलायती सहयोग नियोगको सहयोग* |
| **मिति :** | *बैशाख, २०७६* |

**कृतज्ञता ज्ञापन**

*उत्तरगया गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका प्रमुख श्री उपेन्द्र लम्साल, उपप्रमुख श्रीमती चमेली गुरुङ, प्रमुख प्रशासकीय अधिकृत श्री वसन्त बहादुर खत्री तथा गाउँपालिकाका कार्यपालिका सदस्यहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, गाउँपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिलगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

ईमेल : *uttargayarm@gmail.com*
वेवसाईट : *www.uttargayarm.*

# उत्तरगया गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

लहरेपौवा रसुवा, ३ नं. प्रदेश, नेपाल ।

प.स.०७५।०७६
च.नं.

मितिः-२०७६।०२।१५

## मन्तव्य

स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको व्यवस्था बमोजिम स्थानिय सरकारले आफ्नो क्षेत्र भित्र वित्तीय स्रोतको पहिचान मुल्याङ्कन र त्यसमा करको दायरा निर्धारण गर्न सक्ने, संघ र प्रदेश सरकारबाट उपलब्ध विभिन्न अनुदान तथा राजश्व बाडफाड बाहेक स्थानिय राजस्व अधिकार अर्न्तगत विभिन्न कर तथा सेवा शुल्क, बालविरौटी कर लगाउने अधिकार स्थानिय सरकारलाई रहेको छ । साथै स्थानिय सरकारले अन्य स्वदेशी संघ संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्विकृती लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमती लिएर वित्त आयोगले सिफारिस गरेको सिमा भित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

नेपालको संविधान २०७२ को अनुसुची ८ मा उल्लेख गरिएको स्थानिय कर संम्बन्धी अधिकार दिएको छ । साथै प्राप्त अधिकार कार्यान्वियनको लागि आवश्यक नीति नियम, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क लगाएत विविध क्षेत्रमा क्रमिक रुपमा सुधार गर्दै जानुपर्ने आवश्यकता रहेको छ । यस आवश्यकताको पहिचान गरि उत्तरगया गाउँपालिकाले राजस्व सुधार सम्बन्धी सुझाब प्राप्त गर्न चालु आ.व.को २०७५/७६ वार्षिक कार्यक्रममा राजश्व सम्भाव्यता अध्ययनको कार्यक्रमलाई समाविष्ट गरेको थियो । यस अध्ययनको माध्यमबाट गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरुको पहिचान हुने अपेक्षा लिएको थियो ।

यस गाउँपालिकाको आग्रह अनुरुप यस प्रतिवेदन राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ । प्रतिवेदनले राजश्व सुधारको लागि गर्नुपर्ने विस्तृत योजनाहरुको पहिचान र सोको आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरेको छ । गाउँपालिकाका पदाधिकारी, कर्मचारी, उद्योग वाणिज्य संघको प्रतिनिधी लगायतको सक्रियतामा यो प्रतिवेदन तयार भएको छ र यसबाट गाउँपालिकाको राजस्व सुधारका क्षेत्रमा गर्नुपर्ने कार्यक्रम तयार पार्न आधार उपलब्ध हुनेछ । अन्तमा, राजश्व सुधार कार्ययोजना तयार पार्न सहयोग उपलब्ध गराउने UK Aid को सहयोगमा संचालित पूर्णिमा : भुकम्प पश्चातको पुनर्लाभमा वेलायती सहयोग परियोजनालाई उत्तरगया गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ । यो कार्य योजना तयार पार्न प्राविधिक सहयोग गर्ने एस.डी.आई. सी. लाई पनि उत्तरगया गाउँपालिका परिवार धन्यवाद गर्दछ ।

**अध्यक्ष :- उपेन्द्र लम्साल**

**उपाध्यक्ष :- चमेली गुरुङ**

**प्रमुख प्रशासकीय अधिकृत :- वसन्त बहादुर खत्री**

**“नतिजामुखि प्रशासन : संमृद्धि र शूसाशन”**

# विषय सूची

**परिच्छेद – एक : परिचय ........................................................ १**
१.१ प्रतिवेदनको बारेमा ........................................................ १
१.२ राजस्व सुधार योजनाको परिचय........................................................ १
१.३ कार्यक्रमको उद्देश्य ........................................................ २
१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ........................................................ २
*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन........................................................ २*
*१.४.२ तथ्यांक/सूचना संकलन फाराम तथा सूची विकास........................................................ ३*
*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम ........................................................ ३*
*१.४.४ तथ्यांक/सूचना संकलन........................................................ ४*
*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ........................................................ ५*
*१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश........................................................ ५*
*१.४.७ अन्तिम कार्यशाला गोष्ठी........................................................ ५*
*१.४.८ प्रतिवेदनको अन्तिम रुप........................................................ ६*
१.५ अध्ययनको सीमा ........................................................ ६

**परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय ........................................................ ७**
२.१ गाउँपालिकाको संक्षिप्त परिचय........................................................ ७
२.२ गाउँपालिकाको मानवीय संसाधन........................................................ ८
२.३ गाउँपालिकाको भौतिक सम्पत्ति........................................................ १०

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता........................................................ ११**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था........................................................ ११
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था........................................................ १४
*३.३.१ कर राजस्व........................................................ १६*
*३.३.२ गैरकर राजस्व ........................................................ २१*

**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........................................................ २८**
४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ........................................................ २८
४.२ विगतको आय परिचालनको अवस्था ........................................................ २९
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........................................................ ३०
४.५ राजस्व परिचालनमा रहेका सवालहरू........................................................ ३१

**परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना ........................................................ ३४**
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना........................................................ ३४

**परिच्छेद – छः आगामी ३ वर्षको आय प्रक्षेपण ........................................................ ३९**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........................................................ ३९
६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण........................................................ ४२

**परिच्छेद – सात : निष्कर्ष तथा सुझाव........................................................ ४७**
७.१ निष्कर्ष तथा सुझाव........................................................ ४७

७.२ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन........................................................ ४७

**अनुसूचीहरू........................................................................................ ४९**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ........................................................................ ५०

अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची........................५१

अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण......................... ६०

अनुसूची ४ : मस्यौदा प्रस्तुती तथा छलफल कार्यशालाको उपस्थिति ...................................६३

# तालिकाको सूची

तालिका १: सुचना संकलन तथा राजस्व सुधार योजना सहयोग समिति .................................. ४
तालिका २: गाउंपालिकाका कर्मचारीह□को विवरण .................................................. ९
तालिका ३: गाउंपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ................................ १४
तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण ...................................................... १७
तालिका ५: घरजग्गा वहाल करको सम्भाव्यता विवरण .............................................. १८
तालिका ६: व्यवसाय करको सम्भाव्यता विवरण ..................................................... १९
तालिका ७: पर्यटन शुल्कको सम्भाव्यता विवरण ...................................................... २५
तालिका ८: राजस्व परामर्श समिति ........................................................................ २८
तालिका ९: गाउंपालिकाको आन्तरिक आयको अवस्था ............................................... ३०
तालिका १०: गाउपालिकाको समग्र आयको अवस्था .................................................. ३०
तालिका ११: कर राजस्व सुधार कार्ययोजना ............................................................ ३४
तालिका १२: आगामी आ.व.ह□का लागि राजश्व प्रक्षेपणका आधारह□ ................................... ३९
तालिका १३: चालु आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ................ ४२
तालिका १४: प्रक्षेपित आय संरचना ........................................................................ ४७

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन प्रदेश नम्बर ३ अन्तर्गत रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाल गाउँपालिकाले पूर्णिमा : भूकम्पपश्चात्को पुनर्लाभमा बेलायती सहयोग नियोगको सहयोग कार्यक्रमको आर्थिक सहयोग तथा एस.डी.आई.सी.को प्राविधिक सहयोगमा तयार गरेको हो । यो प्रतिवेदनमा उत्तरगया गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ तथा प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । यस प्रतिवेदनमा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि उत्तरगया गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस कार्यक्रम/दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण,

आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

## १.३ कार्यक्रमको उद्देश्य

उत्तरगया गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुलभूत उद्देश्य हो । यस कार्यक्रमका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

कार्यक्रम सञ्चालन सहभागितामूलक विधिबाट गाउँपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरूसहितको सहभागितामा सम्पन्न गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचनाको संकलन सो छलफलका क्रममा तथा गाउँपालिकामा रहेका सन्दर्भ सामग्रीहरू अध्ययनमार्फत् गरिएको थियो । उल्लिखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फाराम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम



गाउँपालिकामा प्रारम्भिक अभिमुखीकरण कार्यक्रम गर्न गाउँपालिकाको उपयुक्त समयका लागि मट म्याकडोनाल्डका स्थानीय प्रतिनिधिले गाउँपालिकासँग समन्वय गर्नुभएको थियो । गाउँपालिका अध्यक्षबाट २८ माघ २०७५ का लागि तिथि तोकिएपछि एसडीआइसीबाट प्राविधिक परामर्शदाता टोली माघ २७ गते उत्तरगया आइपुगेको थियो । गाउँपालिकाका प्रमुख पदाधिकारीहरूसँग छलफल गरी माघ ८ गते विहान ९ बजेदेखि बेलुकी पाँच बजेसम्म राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी सम्पन्न गरियो । कार्यशाला गोष्ठीमा गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, गाउँपालिकाका शाखा प्रमुखहरू, वडा सचिव तथा कार्यालय सहायकहरूलगायत दुईजना परामर्शदातासहित कुल ३२ जनाको सहभागिता रहेको थियो जसमध्ये महिलाको संख्या ९ र पुरुषको संख्या २३ रहेको थियो ।



प्रारम्भिक कार्यशाला गोष्ठी गाउँपालिकाका उपाध्यक्ष एवम् राजस्व परामर्श समितिका संयोजक श्री चमेली गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो । गाउँपालिका अध्यक्ष जरुरी कामले अपर्झट काठमाडौं जानु भएको हुँदा उहाँको उपस्थिति रहन सकेन । कार्यक्रममा उपस्थित सहभागीलाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री वसन्तबहादुर खत्रीले स्वागत मन्तव्य दिनु भएको थियो र सो क्रममा उहाँले गाउँपालिका स्थानीय सरकारको रुपमा स्थापना भएको र स्थानीय सरकारको भूमिका पुरा गर्न आन्तरिक स्रोत वृद्धि गर्ने उद्देश्यका लागि राजस्व सुधार योजना एकदमै महत्वपूर्ण कार्य भएको विचार व्यक्त गर्नुभयो । कार्यक्रमको उद्देश्यका बारेमा मट म्याकडोनाल्ड जिल्ला संयोजक श्री चन्द्र आलेले प्रकाश पार्नुभएको थियो । यस क्रममा उहाँले सुखी नेपाली, समृद्ध नेपालको नेपाल सरकारको नारालाई व्यवहारमा उतार्नका लागि गाउँपालिकालाई समृद्ध बनाउनुपर्ने र गाउँपालिकालाई समृद्ध बनाउन राजस्व सुधारको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । यस महत्वपूर्ण कार्यमा सम्बन्धित सबैको सहयोगका लागि उहाँले आग्रह गर्नुभयो ।

राजस्व सुधार कार्ययोजनाको परिचय, यसको सान्दर्भिकता, उद्देश्य, योजना तर्जुमा विधि, कार्यतालिका लगायतका विषयमा प्राविधिक टोलीका तर्फबाट वसन्त भट्टराईले प्रकाश पार्नुभएको थियो । स्थानीय कर, शुल्क सम्बन्धी अवधारणा, स्थानीय तहको राजस्व अधिकारलगायतका विषयमा प्राविधिक टोलीका तर्फबाट विमल पोखरेलले सहजीकरण गर्नुभएको थियो । यसपश्चात् सहजकर्ता वसन्त भट्टराईले सहभागीहरूलाई निम्न अनुसार चार समूहमा वर्गीकरण गरी समूह कार्य गराइएको थियो :

समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूह कार्यपश्चात् सबै टोलीका टोली संयोजकहरूले आ-आफ्नो टोलीले तयारी गरेको समूह कार्य प्रस्तुत गर्नुभएको थियो र बाँकीले सल्लाह सुझाव प्रदान गर्नुभएको थियो । समूह प्रस्तुती सम्पन्न भएपछि आवश्यक सूचना संकलन तथा राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप दिन आवश्यक सहयोगका लागि निम्नानुसार चार सदस्यीय समिति समेत गठन गरियो ।

**तालिका १: सुचना संकलन तथा राजस्व सुधार योजना सहयोग समिति**

| क्र.सं. | नाम, पद | समिति जिम्मेवारी |
|---|---|---|
| १. | चमेली गुरुङ | संयोजक |
| २. | विनीता कार्की | सदस्य |
| ३. | वसन्त कार्की | सदस्य |
| ४. | निर्मल भट्टराई | सचिव |

यसपश्चात् अध्यक्षता गरिरहनु भएका उपाध्यक्ष एवम् राजस्व परामर्श समितिका संयोजक चमेली गुरुङले आफ्नो मन्तन्यसहित कार्यक्रम समापन गर्नुभयो । समापनका क्रममा उहाँले कार्यक्रमका दौरान दिनभरि राजस्व सुधार सम्बन्धी व्यवहारिक अभ्यास भएको, यसले गाउँपालिकाको राजस्व अध्ययन गर्न प्राविधिक र व्यवहारिक ज्ञान दिएको उल्लेख गर्दै गाउँपालिकाले आफैंले गर्नुपर्ने यस कार्यका लागि मट म्याकडोनाल्ड तथा एसडीआइसीले आर्थिक तथा प्राविधिक सहयोग गरेकोमा उक्त संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रमको उद्घोषण हे.अ. उत्सव पौडेलले गर्नुभएको थियो ।

समूह कार्यको प्रस्तुती तथा छलफल पश्चात् गाउँपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा तथा आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका लागि आवश्यक तथ्यांक तथा सूचना संकलनका लागि देहायबमोजिमको समिति गठन गरियो :

### *१.४.४ तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित समितिले आवश्यक तथ्यांकहरू प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट

- गाउँपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना (organogram)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकिय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका तथा मट म्याकडोनाल्ड समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

### *१.४.७ अन्तिम कार्यशाला गोष्ठी*



यो मस्यौदा प्रतिवेदनमाथि गाउँपालिका तथा सम्बन्धित सबै सरोकारवालाको सल्लाह सुझाव प्राप्त गर्नका लागि मिति २०७५ चैत २० गते छलफल कार्यशाला गोष्ठी आयोजना गरियो । कुल ३६ जना (महिला १०, पुरुष २६) सहभागी उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु, राजस्व शाखाका कर्मचारीहरु तथा स्थानीय पत्रकार समेतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सुरुवातका क्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख प्रशासकीय अधिकृत वसन्तबहादुर खत्रीले गाउँपालिका आफैंले गर्नुपर्ने काममा पूर्णिमाले सहयोग गरेकोमा पूर्णिमा परियोजनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दै गाउँपालिकाका लागि महत्वपूर्ण दस्तावेज तयार हुन सकोस् र गाउँपालिकाका लागि सम्पत्तिका रुपमा रहन सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

शुभकामना मन्तव्य तथा परिचय कार्यक्रमपश्चात् परामर्शदाता टोलीका तर्फबाट दामोदर गिरीले गाउँपालिकालाई उपलब्ध गराइएको मस्यौदाको विस्तृत स्वरुप प्रस्तुत गर्नुभयो । यस क्रममा सहभागीका जिज्ञासा समेतमा छलफल गर्दै उक्त छलफल कार्यक्रम बेलुकी ४ बजे सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्ने गाउँपालिका अध्यक्ष उपेन्द्र लम्सालले यस दस्तावेजले गाउँपालिकाको राजस्व अवस्था सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न, जनप्रतिनिधिका सपनालाई व्यवहारिक तथा वैज्ञानिक हिसावले दस्तावेजीकरण गर्न सहयोग गर्न सकोस् भनी शुभकामा व्यक्त गर्नुभयो । साथै वहाँले गाउँपालिकासँग पर्याप्त बजेट नभएको अवस्थामा सहयोग गरेकोमा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

### *१.४.८ प्रतिवेदनको अन्तिम रुप*

यस योजनाको मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका दौरानामा सहभागीहरुबाट प्राप्त भएका सल्लाह सुझाव, मट म्याकडोनाल्डलगायत अन्य सरोकारवालाहरूको सुझाव तथा प्राविधिक टोलीको स्थलगत अध्ययन र परामर्शदाताको समग्र अनुभवमा आधारित रही यस मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## १.५. अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- संघीय तथा प्रदेश सरकारसँग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

- तथ्यांक उपलब्धताको सीमितताका कारण विगत दुई आ.व. २०७३।७४ र २०७४।७५ को तथ्यांकमा आधारित रही आगामी तीन आ.व. २०७५।७६ - २०७७।७८ सम्मको आय प्रक्षेपण गरिएको छ ।

# परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ। यसले गाउँपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ।




## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

उत्तरगया गाउँपालिका हिमाली जिल्ला रसुवाका पाँचवटा गाउँपालिकामध्ये एक गाउँपालिका हो । यस गाउँपालिकाको उत्तर-पश्चिममा धादिङ र पश्चिम तथा दक्षिणमा नुवाकोट जिल्लाको विदुर नगरपालिका रहेको छ भने उत्तरमा पार्वतीकुण्ड अनि पश्चिममा गोसाईंकुण्ड र नौकुण्ड गाउँपालिकाहरू रहेका छन् । प्रसिद्ध त्रिशुली नदी यस गाउँपालिकाको पश्चिमी सीमाना हुँदै दक्षिणमा फलाखू खोलासँग मिलेको छ । यस दोभानमा प्रसिद्ध तीर्थस्थल उत्तरगया रहेको छ । हजारौंको संख्यामा तीर्थालुहरू आउने प्रसिद्ध स्थान भएको हुँदा यसै धार्मिक स्थानको नामबाट यस गाउँपालिकाको नाम उत्तरगया राखिएको छ । यो गाउँपालिका २७°५७'३०'' उत्तरदेखि २८°१६'८९'' उत्तरी अक्षांस र ८५°१२'२३'' पूर्वदेखि ८५°२४'३१'' पूर्वी देशान्तरबीच फैलिएको छ । भौगोलिक बनावटका दृष्टिले हेर्दा टेक्टोनिक चापका कारण निर्मित उच्च र भिराला पहाडहरू, प्रमुख रुपमा भिरालो जमिन, निरन्तर नदि कटानबाट बनेका नदी बेसी तथा टारहरूबाट बनेको छ।

### गाउँपालिकाको गठन

प्राकृतिक, धार्मिक, सांस्कृतिक रुपले मनोरम यो गाउँपालिका साविकको ठूलोगाउँ गाउँ विकास समिति, डाडागाउँ गाउँ विकास समिति, लहरेपौवा गाउँ विकास समितिको वडा नं. १-७ र ९ तथा हाकु गाउँ विकास समितिका ८-९ नं. वडाहरू समेटी गठन गरिएको छ। पाँचवटा वडामा वर्गीकृत यस गाउँपालिकाको क्षेत्रफल कुल १०४.५१ वर्ग कि.मि. रहेको छ।

### आर्थिक तथा सामाजिक अवस्था

गाउँपालिकाले हालै तयार गरेको वस्तुगत विवरणअनुसार यस गाउँपालिकाको कुल जनसंख्या १०,८७२ जना रहेको छ जसमध्ये महिला ५,३३३ र पुरुषको संख्या ५,५३९ रहेको छ। अपांगता भएका जनसंख्या २८९ रहेको छ। गाउँपालिकामा कुल घरधुरी २४५८ रहेको छ जसमध्ये ४३.८ प्रतिशत तामाङ, ३१.९ प्रतिशत ब्राह्मण-क्षेत्री र बाँकी अन्य समुदाय रहेका छन् भने धार्मिक हिसाबले हेर्दा ५५.९ प्रतिशत बौद्ध, ४०.१ प्रतिशत हिन्दु, ३.७ प्रतिशत इशाई तथा ०.१ प्रतिशत अन्य धर्मावलम्बी रहेका छन्।

गाउँपालिकामा धान, मकै, गहुँ, आलु मुख्य कृषि उत्पादन रहेका छन् । गाउँपालिकाले तयार गरेको वस्तुगत विवरण अनुसार गाउँपालिकाबाट गत एक वर्षमा कुल १५ प्रतिशत घरधुरी वैदेशिक रोजगारीमा गई बीस करोड

३६ लाख रेमिट्यान्स पठाएको देखिन्छ । यस्तै, कृषि तथा पशुपालन, गैरकृषि एवम् कृषि मजदुरी, डकर्मी, सिकर्मी रोजगारीको प्रमुख स्रोत भएको देखिन्छ ।  उत्तरगयाधाम तथा गोरु-जुधाइ मेलाका अवसरमा गाउँपालिकाको दक्षिण सीमाना वेत्रावत्री बजारमा आर्थिक कारोबार बढी हुने गर्दछ ।

वेत्रावत्रीदेखि माझ गाउँसम्म पासाङ ल्हामु राजमार्गको ६ किमी सडक खण्ड यस गाउँपालिकाअन्तर्गत पर्दछ । यसबाहेक यातायात सञ्चालनमा रहेका सडकहरूमा बुनुवा-कर्मीडाँडा-ढुंगे सडक (७ किमी), सिम्ले सडक (२ किमी), वेत्रीवती-पहिरेबेसी (४ किमी) र शान्ति बजार - मैलुङ (८ किमी) रहेका छन् । गाउँपालिकामा बजार केन्द्रहरूको उल्लेख्य विकास हुन सकेको छैन । गाउँपालिकाको दक्षिणमा रहेको वेत्रावत्री बजार नै यस गाउँपालिकाको मुख्य बजार केन्द्र हो यहाँ करिब ५० वटा पसल र अन्य व्यवसाय रहेका छन् । यी व्यवसायहरूमा साना तथा मझौला पसल, होटल, बैंक तथा वित्तीय संस्था, सहकारी, रहेका छन् ।  गाउँपालिकाका सबै वडाहरूमा विद्युतीकरण भएको छ ।

### धार्मिक, साँस्कृतिक, पर्यटकीय एवम् प्राकृतिक सम्पदा

धार्मिक सम्पदाअन्तर्गत उत्तरगयाधाम गाउँपालिकाको प्रमुख धार्मिक स्थल हो । हिन्दु धर्मावलम्बीहरूले एक प्रमुख धामको रुपमा लिने यस गाउँपालिकाको दक्षिणमा रहेको उत्तरगयाधाममा गाईजात्रा, पुसे औंसी, ठूलो एकादशीमा ठूलो मेला लाग्ने गर्दछ जसका लागि टाढाटाढाबाट वर्षेनी औसतमा २० हजार भक्तजनहरू आउने गर्दछन् । यसस्थलसँगै सिमाना जोडिएको फलेखु खोला किनारमा वर्षेनी माघे संक्रान्तिमा गोरु जुधाउने मेला लाग्दछ, यस समयमा पनि यहाँ ठूलो भीड लाग्ने गर्दछ ।  यसबाहेक यस गाउँपालिकामा वडा नं. ४ मा घलेगढी, वडा नं. ३ मा घ्याङ बौद्ध स्तुपा र वडा नं. २ मा गुरुङ सांस्कृतिक भवन निर्माणाधिन अवस्थामा छन् ।

यस गाउँपालिकाको प्रमुख प्राकृतिक सम्पदामा वन क्षेत्र, कृषियोग्य भूमि तथा नदी र खोलाहरू (त्रिशुली नदी, फलाखु खोला, मैलुङ खोला) प्रमुख छन् ।

## २.२ गाउँपालिकाको मानवीय संसाधन

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भइआएको छ ।

उत्तरगया गाउँपालिकाले हालका लागि एक संगठन संरचना स्वीकृत गरेको छ । यस संरचना अनुसार गाउँसभा सर्वोच्च अंगको रुपमा रहेको छ भने यसअन्तर्गत गाउँकार्यपालिका र गाउँपालिकाअन्तर्गत अध्यक्ष रहने व्यवस्था छ ।  प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष अन्तर्गत रही गाउँ कार्यपालिकाको दैनिक कार्य सम्हाल्ने व्यवस्था रहेको छ ।

स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा जम्मा ५ वटा शाखाहरू, १२ वटा एकाई र स्वास्थ्य तथा कृषि/पशुतर्फका निकायहरू रहेका छन् । यी शाखा तथा एकाइहरूमा स्वास्थ्य तथा कृषि/पशुतर्फका निकायहरूबाहेकमा कुल २६ जनाको दरबन्दी तोकिएको छ भने यो प्रतिवेदन तयारी गर्दाका अवस्थामा कुल २२ जना कर्मचारी कार्यरत रहेको पाइयो ।  राजस्वतर्फ हेर्नका लागि सहायक पाँचौं तहको कर्मचारी रहने व्यवस्थासहित राजस्व एकाईको व्यवस्था गरिएको छ । संगठन संरचनाको स्वरुप जस्ताको जस्तै तल प्रस्तुत गरिएको छ :




२०७५ माघ मसान्तमा गाउँपालिकामा निम्नअनुसार कर्मचारी कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: गाउंपालिकाका कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ |
| २ | लेखा अधिकृत | ० |
| ३ | अधिकृत तृतीय | २ |
| ४ | इञ्जिनियर | १ |
| ५ | सूचना प्रविधि अधिकृत | १ |
| ६ | सि.अ.हे.व. | १ |
| ७ | हे.अ. | १ |
| ८ | नायव सुब्बा | १ |
| ९ | लेखापाल | १ |
| १० | सहलेखापाल | १ |
| ११ | सहायक महिला विकास निरीक्षक | १ |
| १२ | सब इञ्जिनियर (करार) | २ |
| १३ | ना.प्रा.स. | १ |
| १४ | कानुनी सहजकर्ता | १ |
| १५ | वडा सचिव | ५ |
| १६ | कार्यालय सहायक | २ |
| | जम्मा | २२ |

गाउँपालिकाको राजस्व संकलनको काममा वडा कार्यालयहरू र गाउँपालिका कार्यालय संलग्न हुँदै आएको पाइन्छ। वडा कार्यालयको हकमा वडा सचिव अथवा कार्यालय सहायकले राजस्व संकलनको काम गर्ने गरेको पाइन्छ भने गाउँपालिकामा राजस्व इकाइ रहने नीतिगत व्यवस्था रहेको छ । राजस्व शाखामा तोकिएको ना.सु.भन्दा पनि शाखाका कर्मचारी तथा अन्य कर्मचारीले गाउँपालिकामा राजस्व बुझाउन आएकाहरूको राजस्व संकलन गर्ने गरेको पाइन्छ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाको प्रमुख भौतिक सम्पत्तिमा कार्यालय परिसरमा रहेको टिनले छाएको भुईंतले भवन तथा यसको चर्चेको करिब पाँच रोपनी जमिन र दैनिक कार्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम सामग्री र सुविधा रहेको छ जसअन्तर्गत कम्प्युटर तथा ल्यापटप (क्रमशः ११ र १२ थान), प्रिन्टर (११ थान), महिन्दा स्कर्पियो जिप ( १ थान), मोटरसाइकल तथा स्कुटर (क्रमशः २ र १ थान), सोफा सेट (९ थान), जेनेरेटर (१ थान), प्रोजेक्टर (१ थान), डिजिटल क्यामेरा (१ थान), साउण्ड सिस्टम (१ थान), स्टिल ऱ्याक (५ थान, कार्यालय दराज (१० थान) तथा विभिन्न संख्यामा अन्य सामग्रीहरू (स्क्यानर, वाटर डिस्पेन्सर, स्ट्याण्ड फोन, म्याटिक्स, टेवल ल्याम्प, भित्ते घडी, फिल्टर तथा विभिन्न संख्यामा भान्साका विभिन्न किसिमका सामान आदि) रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा जीआइजेडबाट प्राप्त कम्प्युटर, प्रिन्टर, दराज, फ्रिज, हिटर, कुर्सीलगायत विभिन्न सामग्रीहरू रहेका छन् ।

वडा नं. १ को कार्यालयअन्तर्गत रहेका प्रमुख भौतिक सम्पत्तिमा कुर्सी (प्लाष्टिकका तथा घुम्ने गरी २६ थान), कार्यालय टेबल (१० थान) कम्प्युटर तथा प्रिन्टर (१/१ सेट), दराज (४ थान), र अन्य सामान्य कार्यालय सामग्रीहरू रहेका छन् । वडा नं. २ को कार्यालय डाँडागाउँअन्तर्गत रहेका प्रमुख भौतिक सम्पत्तिमा ११ आना जग्गामा बनेको जजस्तापाताको भवन १ वटा, ३ आनामा बनेको पक्की भवन १ वटा, मोटरसाइकल १ थान, कम्प्युटर तथा ल्यापटप गरी २ सेट, कम्प्युटर टेवल २ सेट, मल्टिमिडिया प्रोजेक्टर (१ थान), फोटोकपि मेसिन (२ थान), स्टिल दराज (२ थान) तथा विभिन्न संख्यामा अन्य सामग्रीहरू (प्लाष्टिक कुर्सी, घुम्ने कुर्सी, भित्ते घडी, टेलिफोन सेट, बुक केस, काठका ऱ्याक, ट्यांकर, पानी जार आदि) रहेका छन् । वडा नं. ३ को कार्यालयअन्तर्गत रहेका प्रमुख भौतिक सम्पत्तिमा कम्प्युटर (२ सेट), प्रिन्टर (१ सेट), फोटोकपि मेसिन (१ सेट), अफिस टेवल (३ थान), स्टिल दराज (२ थान), घुम्ने कुर्सी (२ थान), पल्सर मोटर साइकल (१ थान) र अन्य विभिन्न संख्यामा सामान्य कार्यालय सामग्रीहरू (कुर्सी, खाट, टि टेवल आदि) रहेका छन् । वडा नं. ४ को कार्यालय कर्मीडाँडाअन्तर्गत कम्प्युटर तथा प्रिन्टर (१।१ सेट), अफिस टेवल (४ थान), स्टील दराज (२ थान), पल्सर मोटर साइकल (१ थान) तथा अन्य विभिन्न कार्यालय सामग्रीहरू रहेका छन् । यस्तै वडा नं. ५ माझगाउँअन्तर्गत कम्प्युटर, ल्यापटप र फोटोकपि मेसिन (१।१ थान), स्टिलका फोल्डिङ कुर्सी (१९ थान) तथा विभिन्न संख्यामा अन्य कार्यालय सामग्रीहरू (वाइफाइका उपकरण, काठका दराज, टि टेवल, फ्यान आदि) रहेका छन् ।

उपरोक्त सामग्रीहरूका अतिरिक्त बोगटीटार सामुदायिक स्वास्थ्य एकाइ, ठूलोगाउँ स्वास्थ्य एकाइ, लहरेपौवा स्वास्थ्य एकाइ, डाँडागाउँस्वास्थ्य चौकी, आयुर्वेदिक औषधालय लहरेपौवाअन्तर्गत मेडिकल सामग्रीहरू, फर्निचरहरू तथा इलेक्ट्रिकल उपकरणहरू रहेका छन् । साथै, पशुसेवा केन्द्र डाँडागाउँ, पशुसेवा केन्द्र माझगाउँ अन्तर्गत केन्द्र सञ्चालनका लागि आवश्यक न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन् ।

# परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संबोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्व संकलनको अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति करः घर र सो घरले चर्चेको (प्लेन्थ एरिया) जग्गामा (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा बाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संशोधित व्यवस्था)
- घर जग्गा बहाल कर
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत

- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**विक्री गर्न सक्ने** ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संशोधित ब्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने** ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी

- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिजजन्य पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिका वा गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर नगरपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान: पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुन बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

कानुनी अधिकारको आधारमा गाउँपालिकाका सम्भाव्य आय शिर्षकहरूको परिचालनका अवस्था विश्लेषण गरिएको छ । यसअन्तर्गत गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई पहिचान गरिएको छ ।

**तालिका ३: गाउंपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १. | भूमि कर (मालपोत) | छ | भएको | भएको (आ.व. २०७४/०७५ सम्मको वक्यौता असुल गर्ने प्रयोजनको लागि मात्र लगाइएको) |
| २. | सम्पत्ति कर | छ | नभएको | भएको |
| ३. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, | छैन | नभएको | भएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| | इरिक्सा) | | | |
| ४. | घर जग्गा बहाल कर | छ | भएको (केही संस्थाबाट स्वेच्छिक रुपमा) | भएको |
| ५. | व्यवसाय कर | छ | भएको (न्यून मात्रामा) | भएको |
| ६. | जडिबुटी, कवाडी र जीवजन्तु कर | सामान्य | नभएको | भएको |
| ७. | विज्ञापन कर | नभएको | नभएको | भएको |
| **ख.** | **गैरकर** | | | |
| ८. | ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री | भएको | नभएको | भएको |
| ९. | नक्सापास दस्तुर | भएको | सुरुआत भएको | भएको |
| १. | वन पैदावर (सामुदायिक वनको) बिकी | छ | नभएको | नभएको |
| १०. | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ११. | बहाल विटौरी शुल्क | तत्कालका लागि नभएको | नभएको | भएको |
| १२. | पार्किङ्ग शुल्क | भएको | नभएको | भएको |
| १३. | फोहरमैला व्यवस्थापन शुल्क | नभएको | नभएको | भएको |
| १४. | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १५. | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| १६. | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | तत्कालका लागि नभएको | नभएको | सिनेमा, जादू चटकमा भएको, उल्लिखित सम्भावितमा नभएको |
| १७. | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) | भएको (खानेपानी, पर्यटकीय स्थल) | नभएको | नभएको |
| १८. | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| १९. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | भएको | भएको | भएको |
| २०. | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा | भएको | नभएको | नभएको |

| क्र.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| | उपयोग शुल्क | | | |
| २१. | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २२. | दण्ड जरिवाना | भएको | भएको | भएको |

उल्लिखित तालिकामा गाउँपालिकाका करतर्फ सात शीर्षक र गैरकरतर्फ १६ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिकाअनुसार गाउँपालिकाले लिन सक्ने सात किसिमका करमध्ये गाउँपालिकाको अध्ययन तथा अवलोकन भ्रमण, कर्मचारी तथा पदाधिकारीहरूसँगको छलफल र गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा हाल चार किसिमका करहरू संकलनको सम्भावना रहेको (मालपोत, सम्पत्ति, व्यवसाय तथा घरजग्गा बहाल कर) तथा दुई किसिमका करहरू (जडिबुटी, जीवजन्तु तथा कवाडी र विज्ञापन कर) संकलनको संभावना न्यून रहेको देखिन्छ । गाउँपालिकामा हाल टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा सञ्चालन नभएको हुँदा यस्ता सवारी साधनहरूबाट तत्कालका लागि कर उठाउन सकिने सम्भावना देखिँदैन ।

गैरकरतर्फका राजस्वका १६ शीर्षकमध्ये ११ शीर्षकमा राजस्व संकलनको सम्भावना रहेको भए पनि हाल ६ किसिमका शीर्षकबाट मात्र कर संकलन भइरहेको र १० वटा शीर्षकमा दर निर्धारण भएको देखिन्छ । यस गाउँपालिकामा गैरकरतर्फ ढुंगा, गिट्टी, बालुवा, माटोलगायत खनिजजन्य पदार्थको ठेक्का लागेको छैन र यस कारण पनि यसबाट प्राप्त हुन सक्ने बिक्री कर हालसम्म संकलन भएको छैन । तत्कालका लागि मुख्य सम्भावना तथा सिफारिश तथा प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता शुल्क, मूल्यांकन सेवा शुल्क तथा दण्ड जरिवाना नै रहेका छन् ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

#### क. सम्पत्ति कर

**हालको अवस्थाः** गाउँपालिकाको विद्यमान अभ्यास हेर्दा गाउँपालिका सम्पत्ति कर संकलन गरिरहेको अवस्था छैन, यद्यपि चालु आ.व. २०७५।७६ को आर्थिक ऐनले भने "गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ" भनी कानुनी व्यवस्था गरेको छ । सम्पत्ति कर संकलन नभइरहेको हुँदा गाउँपालिकामा हाल कति जना सम्पत्ति करदाता छन् भन्ने यकीन भन्न सकिने अवस्था छैन ।

**संभाव्यताः** गाउँपालिकाले हालै तयार गरेको वस्तुगत विवरण अनुसार यहाँका पाँचवटा वडामा कुल २४५८ घरपरिवारको बसोवास रहेको छ । गाउँपालिकामा सम्पत्ति करदाताको यकीन संख्या उपलब्ध नभएको हुँदा यस अध्ययनको उद्देश्यका लागि गाउँपालिकाको उक्त कुल घरपरिवारमध्ये ९० प्रतिशत घरधुरी (अर्थात् २२१२ जना) सम्पत्तिकरका लागि योग्य हुनसक्छन् भन्ने अनुमान गरिएको छ । उक्त २२१२ घरपरिवारमध्ये प्रतिघरपरिवारमा औसतमा १.१५ जना करदाता रहेका छन् भन्ने आँकलन गरी यस गाउँपालिकामा सम्पत्ति कर तिर्ने सम्भाव्य कुल करदाता संख्या २५४४ निर्धारण गरिएको छ । सम्भावित सम्पत्ति करको आकार अनुमान गर्ने प्रयोजनका लागि पक्की ढलान घर भएका प्रतिकरदातासँग औसतमा रु. ४० लाख बराबर र पक्की जस्ता घर भएकाहरूसँग औसतमा रु. ३० लाख बराबरको सम्पत्ति छ भन्ने अनुमान गरी गाउँपालिकामा निम्नअनुसार कुल रु. १९ लाख ८ हजार सम्पत्ति कर संकलन हुन सक्ने अनुमान गरिएको छ :

**तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण**

| करदाताको विवरण | सम्भाव्य करदाता संख्या | | | प्रति करदाताको अनुमानित औसत सम्पत्ति | करको दर* | सम्भाव्य आय |
|---|---|---|---|---|---|---|
| | गत आ.व. (२०७४।०७५ सम्म) | चालु आ.व.को कार्तिक मसान्तसम्म | चालु आवको अन्त्यसम्म (अनुमानीत) | | | |
| सम्पत्ति करदाता (घर र जग्गा भएका) | | | | | | |
| पक्की ढलान घर भएका | 1000 | 1200 | 1425 | 4000000 | 750 | 1068750 |
| पक्की जस्ता घर | 1200 | 1500 | 1119 | 3000000 | 750 | 839250 |
| **जम्मा** | **2200** | **2700** | **2544** | | | **1908000** |

**गाउँपालिकाको आर्थिक ऐनअनुसार रु. २० लाखदेखि ५० लाखसम्मको सम्पत्तिमा रु. ७५० सम्पत्ति कर लाग्ने व्यवस्था रहेको*

**सुधारका पक्षहरू:** सम्पत्ति कर गाउँपालिकाको दीगो र महत्वपूर्ण आयस्रोत हो । यद्यपि गाउँपालिकाले आर्थिक ऐनमा सम्पत्ति कर निर्धारण गर्ने बाहेक यो कर कार्यान्वयनका लागि खास कदम चालेको देखिँदैन । सम्पत्ति करमा सुधारका लागि के-के गर्न सकिन्छ भनी गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरूबीच बृहत् छलफल गरिएको थियो । सो छलफलको निचोड अनुसार भूमिकर सुधारका विषयहरू निम्नअनुसार रहेका छन् :

- गाउँपालिका सबै सम्भावित करदाताको लगत संकलन गर्ने
- घर कायम नभएका हकमा आवश्यक प्रक्रिया पुरा गरी घर कायम गर्ने
- घर कायम गर्नका लागि नक्सापास अनिवार्य गर्ने
- वडागत रुपमा कर सचेतना अभियान संचालन गर्ने

### ख भूमि कर/मालपोत

#### हालको अवस्था:

**हालको अवस्था:** गाउँपालिकाको चालु आ.व. २०७५।७६ को आर्थिक ऐनको भूमिकर (मालपोत) शीर्षक अन्तर्गत "गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर ( मालपोत) लगाइने र असूल उपर गरिनेछ । आर्थिक वर्ष २०७४/०७५ सम्मको वक्यौता असुलउपर गर्ने प्रयोजनको लागि मात्र यो कर लगाइएको छ" भनी उल्लेख गरिएको छ । यद्यपि चालु आ.व.को पौस मसान्तसम्मको गाउँपालिकाको अभ्यास हेर्ने हो भने मालपोत नियमित संकलन गरिरहेको छ भने सम्पत्ति करका सन्दर्भमा दर निर्धारणभन्दा बढी कर संकलनका लागि थप विशेष काम गरेको देखिँदैन । मालपोत कर संकलन गर्दा पासाङ ल्हामु सडक आसपासका जमिनमा प्रतिरोपनी रु. १००, शाखा सडक र कृषि सडक आसपासका जमिनमा प्रतिरोपनी रु. ५० र खेतीयोग्य जमिनमा प्रतिरोपनी रु. २० का दरले वडा कार्यालयहरूबाट संकलन गर्ने गरिएको छ । चालु आ.व.को पौस मसान्तसम्म यस शीर्षकमा कुल रु. १ लाख १३ हजार १५९ संकलन भएको छ ।

गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनले आर्थिक वर्ष २०७४/०७५ सम्मको वक्यौता असुलउपर गर्ने प्रयोजनको लागि मात्र मालपोत कर लगाइने उल्लेख गरेको भए पनि संघीय संसद्बाट हालै पारित केही नेपाल ऐन संशोधनअनुसार स्थानीय तहले घरले चर्चेको क्षेत्रमा सम्पत्ति कर र बाँकी जग्गामा मालपोत संकलन गर्न सक्ने उल्लेख गरेको छ । यसर्थ आर्थिक ऐनलाई संघीय ऐनसँग तादात्म्य हुने गरी परिमार्जन गर्नुपर्ने अवस्था रहेको छ ।

**संभाव्यता:** गाउँपालिकाले हालै तयार गरेको वस्तुगत विवरण अनुसार यहाँका पाँचवटा वडामा कुल २४५८ घर परिवारको बसोवास रहेको छ । घरपरिवारमा सामान्यतया एकभन्दा बढी व्यक्तिको नाममा जग्गा रहने भएको हुँदा मालपोत तिर्ने करदाताको यकीन तथ्यांक उपलब्ध नभएको वर्तमान सन्दर्भमा प्रतिघरपरिवार औसतमा १.२५ जनासँग मालपोतयोग्य जमिन छ भन्ने आँकलन गरी कुल मालपोतका सम्भाव्य करदाता संख्या ३०७३ निर्धारण गरिएको छ । उक्त ३०७३ जनासँग औसतमा १० रोपनी जग्गा छ भन्ने अनुमान गरी प्रतिरोपनी औसत रु. ५० का दरले मालपोत संकलन गर्दा यस शीर्षकमा गाउँपालिकाले संकलन गर्न सक्ने कुल सम्भाव्य आय रु. १५ लाख ३६ हजार २५० अनुमान गरिएको छ ।

**ख. घरजग्गा वहाल कर**

**हालको अवस्था:** गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनले भाडाको १० प्रतिशत घर बहाल कर र विलम्ब जरिवाना वार्षिक १५ प्रतिशतका दरले लिने गरी निर्धारण गरेको छ । उक्त ऐनले “गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ” भनी उल्लेख गरेको छ । चालु आ.व.मा यस शीर्षक अन्तर्गत रु. १५००० संकलन भएको छ ।

**संभावना:** गाउंपालिकाको प्रायः सबै भूभाग पूर्ण रुपमा ग्रामीण परिवेश रहेको, बजार केन्द्रहरूको विकास हुन नसकेको कारण घरजग्गा बहाल करको उल्लेख्य सम्भावना रहेको देखिँदैन । गाउंपालिकामा एक वटा बैंक, पाँच वटा सहकारी संस्था, एक दर्जनभन्दा बढी गैसस तथा अन्य संस्थाहरू तथा गाउँपालिकामा बाहिरबाट काम गर्न आएका कर्मचारीहरू भएको हुँदा निजी प्रयोजनको घर भाडामार्फत् थोरै मात्रामा भए पनि घरजग्गा कर असुली हुन सक्ने र विद्यमान ऐनले गाउंपालिकाको एकल अधिकार क्षेत्रभित्रको एक महत्वपूर्ण राजस्व स्रोत भएको हुँदा व्यवहारिक कार्यान्वयनको सुरुवातका लागि निम्नानुसार रु. एक लाख ९६ हजार ८०० रकम संकलन गर्न सकिने सम्भावना पेश गरिएको छ :

**तालिका ५: घरजग्गा वहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक भाडा रकम | घर बहाल कर |
|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** |
| | | **(क)** | अनुमानित | क x ख x १२ | ग को १०% |
| १ | बैंक | १ | ८००० | ९६००० | ९६०० |
| २ | सहकारी | २ | ४००० | ९६००० | ९६०० |
| २ | व्यवसायिक फर्म र अन्य व्यवसायहरू | ५ | ४००० | २४०००० | २४००० |
| ३ | घरयासी प्रयोजनमा बस्नेहरू | ९० | १२०० | १२९६००० | १२९६०० |
| ४ | सरकारी तथा गैरसरकारी संस्थाहरू | ५ | ४००० | २४०००० | २४००० |
| **जम्मा** | | **१०३** | **२१२००** | **१९६८०००** | **१९६८००** |

**सुधारका पक्षहरू:**

गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- लगत विवरण संकलन गर्ने, करदाता पहिचान गर्ने र छलफल गर्ने तथा लगत विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- घरजग्गा वहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने

**घ. व्यवसाय कर**

**हालको अवस्था:** गाउँपालिकाले चालु आ.व.को आर्थिक ऐनले गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिने उल्लेख गरेको छ । उक्त ऐनले सबैभन्दा कम कर खुद्रा बिक्री पसलमा रु. २०० निर्धारण गरेको छ भने सबैभन्दा बढी कर नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको निर्माण व्यावसायी र वाणिज्य बैंकका लागि प्रति बैंक शाखा रु. १०,००० निर्धारण गरेको छ । केही संख्यामा पशुपालन, पसल, फर्निचरलगायत व्यवसायहरू वडा कार्यालयहरूमा दर्ता हुन आउने गरेका छन् तर समग्रमा सञ्चालित व्यापार व्यवसायको तुलनामा व्यवसाय कर तिर्नेहरुको संख्या भने न्यून रहेको छ । गाउँपालिकाले पनि व्यवसायहरूको लगत संकलन गर्ने, वर्गीकरण गर्ने, दर्ता गर्ने र कर असुलीका लागि छलफल वा चेतनामूलक कार्यक्रम आदि गरी कर संकलनलाई बढावा दिएको अवस्था भने देखिँदैन ।

**संभावना:** यस गाउँपालिकामा व्यापार व्यवसायको उल्लेख्य विकास भएको अवस्था छैन । गाउँपालिकाको उत्तरगया धाम क्षेत्रमा सीमित संख्यामा मात्र भए पनि खुद्रा बिक्रेताहरू, होटल, व्यापार व्यवसाय रहेका छन् । यसबाहेक गाउँपालिकाका अन्य भागमा घरेलु, साना तथा मझौला उद्योग, सहकारी संस्था आदि व्यापार व्यवसाय रहेका छन् । केन्द्रीय तथ्यांक विभागले हालै प्रकाशित गरेको नेपाल आर्थिक जनगणना, २०७४ को प्रारम्भिक प्रतिवेदनअनुसार यस गाउँपालिकामा कुल २३३ व्यापार व्यवसाय स्थापित छन् र यिनमा कुल ६८० जनाले रोजगारी प्राप्त गरेका छन् । गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालालगायतसँगको सहभागितामूलक छलफलका क्रममा भने गाउँपालिका क्षेत्रमा कुल ७०० वटा व्यापार, व्यवसायहरू रहेको अनुमान गरिएको थियो । यसरी राष्ट्रियस्तरबाट गरिएको अध्ययनको नतिजा र स्थानीय अनुभव, अनुमानका बीचमा ठूलो फरक देखिएको हुँदा उक्त दुई तथ्यांकको औसत ४६६ लाई यस अध्ययनको प्रयोजनका लागि यस गाउँपालिकामा रहेका व्यापार व्यवसायको संख्या निर्धारण गरी सम्भावित व्यवसाय कर निम्नअनुसार आँकलन गरिएको छ :

**तालिका ६: व्यवसाय करको सम्भाव्यता विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | लघु तथा घरेलु उद्योग | ३३ | ५०० | १६५०० |
| २ | साना तथा मझौला उद्योग | १५ | १००० | १५००० |
| ३ | वाणिज्य बैंक | १ | १०००० | १०००० |
| ४ | वित्तीय संस्था/सहकारी | १० | १५०० | १५००० |
| ५ | संस्थागत विद्यालय | ५ | १००० | ५००० |
| ६ | डिलर तथा थोक विक्रेता | ७ | १००० | ६६०० |
| ७ | अन्य साना व्यवसायहरू | ३६२ | ५०० | १८१००० |
| ८ | होटल, रेष्टुरेण्ट | ३३ | ५०० | १६५०० |
| **जम्मा** | | **४६६** | | **२६५६००** |

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण/लगत संकलन गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने
- ऐनले व्यवस्था गरेअनुसारका सबै व्यवसायलाई गा.पा.मा दर्ता गराउने तथा गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँपालिका कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।

### ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रावधान गरे बमोजिम स्थानीय तहहरूले असुल गर्न सक्ने करमध्ये या एउटा कर हो । यो कर संकलन गर्नका लागि गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनले "गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ" भनी व्यवस्था गरेको छ । यद्यपि गाउँपालिकाले यो कर संकलन गरिरहेको छैन । गाउँमा ऐनको परिभाषाभित्र पर्ने ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी मालको व्यवस्थित, व्यवसायिक रुपमा संकलन हुने गरेको छैन ।

**संभावनाः**
गाउँपालिकामा यो कर संकलनको तत्काल सम्भावना नदेखिएको हुँदा सम्भावना आँकलन गरिएको छैन ।

**सुधारका पक्षहरूः** कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कवाडी, जडिवुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने
- अध्ययन तथा उत्पादन क्षेत्र निर्धारण पहिचान गर्ने
- यस सम्बन्धी व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने
- छिमेकी स्थानीय सरकारहरूसँग समन्वय गरी करमा एकरुपता ल्याउने
- जडीबुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

**च. सवारी कर**

आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था बमोजिम सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने प्रावधान रहेको छ यद्यपि गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ६ ले प्रदेश सरकारले उठाउने सवारी साधन करमा दोहोरो नहुने गरी कर असुल गरिने उल्लेख गरी बस, ट्रक, मिनीबस लगायतमा सवारी कर निर्धारण गरेको छ ।

वर्तमान कानुनले गाउँपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण गरी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ र बाँकी सवारी साधनका करहरू माथि उल्लेख भएअनुसार प्रदेशले दर निर्धारण गर्ने र संकलन गर्ने व्यवस्था रहेको छ ।

गाउँपालिकाको आर्थिक सामाजिक परिवेश पूर्णतः ग्रामीण रहेको छ । गाउँपालिकामा बजार केन्द्रहरूको विकास नभएको र गाउँपालिका क्षेत्रमा टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्सालगायतका साना सवारी साधन सञ्चालन नभएको हुँदा यससम्बन्धी थप विश्लेषण गरिएको छैन ।

**छ) विज्ञापन कर**

**हालको अवस्थाः :** विद्यमान कानुन अनुसार विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ । संघीय कानुन अनुसार प्रदेश सरकारसँग यो बाँडफाँड हुने यो कर गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्दछ । गाउँपालिकामा यो कर संकलन भइरहेको छैन । यद्यपि गाउँपालिकाको आर्थिक ऐनले सार्वजनिक स्थानमा व्यवसायिक विज्ञापन वा साइनबोर्ड राखेवापत एकमुष्ट वार्षिक रु. ५०००।- विज्ञापन कर निर्धारण गरेको छ र विलम्ब जरिवाना ३५ प्रतिशत तोकेको छ । विज्ञापन कर संकलन भने भएको छैन ।

गाउँपालिकामा हाल यो कर संकलन नभइरहेको भए पनि राजधानी काठमाडौंलाई उत्तरी छिमेकी चीनसँग जोड्ने रसुवागढी नाका जाने साविकको पासाङल्हामु राजमार्ग तथा निर्माणाधीन राष्ट्रिय महत्वको राजमार्गसमेत यसै गाउँपालिका भएर अघि बढ्ने भएकाले उक्त सडकको दायाँबायाँ व्यवसायिक प्रयोजनका लागि भविष्यमा विज्ञापन बोर्डहरू विस्तार हुन सक्ने आँकलन गर्न सकिन्छ । आ.व. २०७६।७७ देखि गाउँपालिकाले तोकेका क्षेत्रहरुमा होर्डिङ बोर्डहरुका लागि रु. तीन लाखमा ठेक्का लाग्ने अनुमान गरिएको छ ।

## *३.३.२ गैरकर राजस्व*

**क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् तथा माटोजन्य वस्तु बिक्री**

**हालको अवस्थाः** यस गाउँपालिकाले त्रिशुली नदी तथा मैलुङ र फलाखु खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृत गराएको छ । गाउँपालिकाले ढुंगा, गिट्टी, बालुवा, माटो एवम् स्लेटजस्ता वस्तुको बिक्रीका लागि अनुमति दिनुपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने साविकको व्यवस्था भएको केही नेपाल ऐनसँगै स्थानीय शासन सञ्चालन ऐनमा हालै भएको संशोधनसहित स्थानीय तहले अब वातावरणीय प्रभाव मूल्यांकन समेत गराउनुपर्ने भएको छ । साथै ढुंगा, गिट्टी, बालुवा, माटो तथा स्लेटजस्ता दहत्तर बहत्तरसम्बन्धी कर साविकमा स्थानीय तह र प्रदेशको दोहोरो अधिकार क्षेत्रभित्र रहेकोमा केही नेपाल ऐन संशोधन, २०७५ पश्चात् यो गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र आएको छ । दहत्तर वहत्तर भन्नाले बहेर

आएको सामान दहमा तैरिने वा बहेर तैरिने भन्ने बुझिन्छ र यसबाट सामान्यतया काष्ठजन्य पदार्थ पर्दछ । स्थानीय शासन सञ्चालन ऐन, २०७४ ले यो करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने तथा स्थानीय तहले संकलन गर्ने व्यवस्था रहेको भए पनि संशोधित कानुनी व्यवस्थाबमोजिम अब गाउँपालिका आफैंले दर निर्धारण गर्न सक्ने भएको छ ।

गाउँपालिकाले २०७५ मंसिरमा सम्पन्न गरेको उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार सिम्ले, खाल्डे बगर, सिम्ले बजार, सल्लेटार, मैलुङ दोभान र गोगने गरी ६ स्थानमा १,१६,४०२ घ.मि. ढुंगा, बालुवा (Sediment) रहेको र सोमध्ये ६७,४३१ घ.मि. उत्खनन् गर्न मिल्ने सिफारिश गरेको अवस्था छ । प्रदेशको आर्थिक ऐनअनुसार ढुंगा, चुनढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवम् बिक्रीमा प्रति घनफिट संकलन शुल्क रु. ३ र बिक्री शुल्क रु. ६ रहेको छ तर संशोधित कानुनी व्यवस्थाअनुसार अब गाउँपालिका आफैंले दर निर्धारण गर्न सक्ने अवस्था रहेको छ ।

**संभावनाः**

चालु आ.व.को माघ मसान्तसम्म यस शीर्षकमा कुनै आम्दानी नभएको हुँदा यस वर्षका लागि रु. ३०,००० मात्र आम्दानी हुन सक्ने अनुमान गरिएको छ भने आगामी आ.व. को सुरुमै ठेक्का लाग्ने अनुमान गरी गाउँपालिकाले प्रतिघन फिट रु. १० मा ठेक्का लगाउँदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उत्खनन्योग्य भनी सिफारिश गरेको ६७,४३१ घ.मि. ढुंगाबालुवाबाट कुल रु. दुई करोड ३८ लाख १३ हजार ५५ संकलन हुन सक्ने देखिन्छ । अध्ययनमा नरहेका र अन्य खोलाहरुबाट २ लाख संकलन हुन सक्ने अनुमान गरी यस शीर्षकबाट गाउँपालिकाले कुल रु. रु. दुई करोड ३८ लाख १५ हजार ५५ संकलन गर्न सक्ने अनुमान गरिएको छ ।

निजी सम्पत्तिबाट खानीजन्य पदार्थको उत्खनन् तथा उपयोगका लागि कार्यविधि तर्जुमा गरी इजाजत दिने र त्यसबाट उत्पादित वस्तुमा दस्तुर लगाउन सकिने व्यवस्था रहेको छ । गाउँपालिकामा पर्याप्त स्लेट, ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोत उपलब्ध नभएको कारण निजी जमिनबाट उत्पादित वस्तुमा दस्तुरको दर निर्धारण गरी संकलन गर्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**सुधारका पक्षहरूः**

- वातावरणीय प्रभाव मूल्यांकन गर्ने
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा आवश्यक अनुगमन तथा मूल्यांकन गर्ने
- निजी खानी उत्खनन्का लागि कार्यविधि तर्जुमा गरी अनुमति पत्र दिने व्यवस्था गर्ने

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः**

स्थानीय तहले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोगबापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाउँपालिकाले आफैंले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल रहेका छैनन् । गाउँपालिकाले चालु आ.व.मा यस शीर्षकअन्तर्गत राजस्व संकलनको लक्ष्य राखेको छैन । गाउँपालिकाले यस्ता पसल, व्यवसायमा बहाल बिटौरी कर लगाउन सक्दछ । गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनले टहरो, छाप्रोका लागि मासिक रु. १०, घुम्ती पसलका लागि मासिक रु. ८ र ठेलाका लागि मासिक रु. ५ बहाल बिटौरी शुल्क निर्धारण गरेको छ । स्थानीय जानकार व्यक्तिहरूबाट प्राप्त सूचनाअनुसार पासाङ ल्हामु राजमार्गको दायाँबायाँ गाउँपालिका क्षेत्रमा करिब ३०

वटा घर, टहरामा पसल व्यवसाय सार्वजनिक जमिनमा सञ्चालनमा रहेका छन् । गाउँपालिकाको आर्थिक ऐन अनुसार उक्त घर टहराबाट संकलन गर्न सकिने बहाल बिटौरी कर वार्षिक रु. ३६०० मात्र भएकाले यस विश्लेषण गरिएको छैन । बहाल बिटौरी संकलन गर्दा टहराको संख्याको आधारमा भन्दा घर टहराले ओगटेको क्षेत्रफलका आधारमा संकलन गर्ने कानुनी व्यवस्था गर्दा बढी उपयुक्त हुने देखिन्छ ।

**ग) नक्सापास दस्तुर**

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा साधारण नक्सापासको रु. ३०० र पक्की ढलानघरको प्रति वर्गफिट रु. ५ का दर तोकेको छ तर यसको कार्यान्वयन भर्खरै सुरुवात गरेको छ । गाउँपालिकामा साधारण घरहरुको संख्या कुल १११९ र पक्की ढलान भएका घर १४२५ वटा भएको अनुमान गरिएको छ । वि.सं. २०७२ को भूकम्पपश्चात् प्रायः सबै घरहरु निर्माण भइसकेको हुँदा वार्षिक करिब १५ वटा घर मात्र नयाँ निर्माण हुने अनुमान गरिएको छ ।

**सम्भावना :**
गाउँपालिकामा निर्माण भइसकेका घरको सन्दर्भमा गाउँपालिकामा दर्ताका लागि अभिलेकीकरण शुल्क र नयाँ निर्माण हुने घरका लागि नक्सापास दस्तुर लिन सकिन्छ । निर्माण भइसकेका घरको अभिलेखीकरणबापत पक्की ढलान घरको प्रति स्क्वायर फुट रु. १।- र पक्की जस्ता घर र अन्य घरको रु. ०।५० पैसा प्रतिवर्ग फुटका दरले नक्सापास दस्तुर शीर्षकमा गाउँपालिकाले रु. २८ लाख ८ हजार ५७६ संकलन गर्न सक्ने आँकलन गरिएको छ । धेरै घरहरु हालसालै निर्माण भइसकेका हुँदा वार्षिक करिब १५ वटा मात्र घर निर्माण हुने अनुमान गरी यसबाट कुल रु. एक लाख १२ हजार ५०० संकलन हुन सक्ने सम्भावना पेश गरिएको छ । यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ :

| घरको प्रकार | चालु आवको अन्त्यसम्म (अनुमानीत) | घरको औसत अनुमानित क्षेत्रफल (स्क्वायर फिट) | दर (प्रति वर्गफिट) | संकलन हुने राजस्व | दस्तुरको प्रकार |
|---|---|---|---|---|---|
| निर्मित घर | | | | | अखिलेखीकरण दस्तुर |
| पक्की ढलान घर | 1425 | 1500 | 1.00 | 2136960 | |
| पक्की जस्ता घर | 1119 | 1200 | 0.50 | 671616 | |
| नयाँ निर्माण हुने घर (वार्षिक) | 15 | 1500 | 5.00 | 112500 | g\;fkf; b:t'/ |
| **जम्मा** | **2544** | | | **2921076** | |

**सुधारका पक्षहरू:**

- घर नक्सापास तथा अभिलेखीकरण अनिवार्य र आवश्यक छ भन्ने विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चाल गर्ने
- निर्माण भइसकेका घरहरुका सन्दर्भमा आर्थिक ऐनमा अभिलेखीकरण दस्तुर समावेश गर्ने
- नक्सापासलाई अभियानका रुपमा सञ्चालन गर्ने
- संकलन भएको राजस्व सम्बन्धित शीर्षकमा दाखिला गर्ने

**घ) फोहोर मैला व्यवस्थापन शुल्क**

**हालको अवस्थाः**
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकाको सबैजसो भूभागमा पहाडी भूभागमा छरिएको ग्रामीण वस्ती रहेका छन् । यस्तो परिवेशमा घरपरिवारले स्वविवेकले आफ्नो अनुकूलताअनुसार फोहोर मैला व्यवस्था गर्ने प्रचलन रहेको छ । नेपाली परिवेशमा बाक्लो वस्ती भएको र शहरी परिवेशमा फोहोर मैला व्यवस्थापनको काममा संगठित प्रयास भएको पाइन्छ । गाउँपालिकाको सामाजिक, आर्थिक, भौगोलिक परिवेशलाई मध्यनजर गर्दै आर्थिक ऐनमा फोहार मैला व्यवस्थापन शुल्क निर्धारण गरिएको छैन ।

**सम्भावना :**
गाउँपालिकाको हालको परिवेश हेर्दा उत्तरगयाधामस्थित बेत्रावती बजारबाट प्रारम्भिक रुपमा फोहोर मैला व्यवस्थापनको प्रबन्ध गरी शुल्क लिन सकिने देखिन्छ । यद्यपि यस बजारमा करिब १५० घरपरिवार मात्र भएको हुँदा प्रति परिवार मासिक रु. ५० का दरले फोहोर मैला शुल्क संकलन गर्दा वार्षिक ९०,००० संकलन गर्न सकिने देखिन्छ । अन्य क्षेत्रको हकमा बजारीकरण नभएको, पूर्णतः ग्रामीण परिवेश, छरिएको वस्ती तथा पहाडी भूगोल भएका कारणले तत्कालका लागि फोहार मैला व्यवस्थापन शुल्क सान्दर्भिक देखिँदैन ।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**
**हालको अवस्थाः**

गाउँपालिकाले ७७ किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐनमार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । वडा कार्यालयहरूबाट नियमित संकलन हुने गरेका करहरूमा मालपोत, घटना दर्ता, सम्पत्ति मूल्यांकन, व्यवसाय दर्ता प्रमुख रहेका छन् । सामान्यतया वडा कार्यालयमा वडा सचिव अथवा कार्यालय सहायकले बिल काट्ने, डे बुकमा चढाउने, कम्प्युटर प्रविष्टी गर्ने र मासिक रुपमा बैंक दाखिला गरी भौचर गाउँपालिकामा बुझाउने प्रचलन रहेको छ । यद्यपि कतिपय समयमा लामो समयसम्म वडा कार्यालयबाट गाउँपालिकामा भौचर जम्मा गर्ने गरिएको पाईंदैन । स्थानीय शासन सञ्चालन ऐनले अधिकार प्रदान गरेका अन्य धेरै कर तथा गैरकर संकलन नभएको वर्तमान परिवेशमा सिफारिश तथा प्रमाणित दस्तुर नै यस गाउँपालिकाको प्रमुख आन्तरिक आयस्रोतका रुपमा रहेको छ ।

**सम्भावनाः** सिफारिश वा प्रमाणित गाउँपालिकाको नियमित र निरन्तर काम भएकाले यो गाउँपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । यस शीर्षकअन्तर्गत कुल आम्दानीको तथ्यांक उपलब्ध भए पनि के कति पटकको सिफारिश तथा प्रमाणित दस्तुरबाट उक्त आम्दानी भएको हो भन्ने तथ्यांक उपलब्ध नहुँदा यस वर्षको बाँकी समयमा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । यद्यपि गाउँपालिकाले प्रदान गर्ने विभिन्न सिफारिश तथा प्रमाणितका किसिम अनुसार विश्लेषण गर्दा देहायअनुसार दस्तुर संकलन हुने अनुमान गरिएको छ ।

| प्रमाणित तथा दस्तुरका प्रकारहरू | औसत दर (रु.) | अनुमानित संख्या (वार्षिक) | संभाव्य रकम ( रु.) |
|---|---|---|---|
| सिफारिश दस्तुर | १५० | १५०० | २२५००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५० | ५०० | २५००० |
| नाता प्रमाणित दस्तुर | ३०० | ५०० | १५०००० |
| अन्य दस्तुर | २०० | ८०० | १६०००० |

| प्रमाणित तथा दस्तुरका प्रकारहरू | औसत दर (रु.) | अनुमानित संख्या (वार्षिक) | संभाव्य रकम ( रु.) |
|---|---|---|---|
| न्यायिक दण्ड जरिवाना र जफत | २५० | ६५ | १६२५० |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ३५० | ७५ | २६२५० |
| जम्मा | | | ६०२५०० |

**सुधारका पक्षहरू:**

- सिफारिश तथा प्रमाणित दस्तुरसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।
- वडा कार्यालयहरूको बिलिङ प्रणालीलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडा कार्यालयहरूलाई गाउँपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधिक हुने व्यवस्था मिलाउने

**च) पर्यटन स्थल प्रवेश शुल्क**

**हालको अवस्था:**
गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । गाउँपालिकाको आर्थिक ऐनले पर्यटकीय स्थल निर्माण भएपछि शुल्क निर्धारण गरिने उल्लेख गरेको छ । गाउँपालिकाका संभावित पर्यटकीय स्थलहरू (उत्तरगया, घ्याङ बुद्ध स्तुपा, गुरुङ सांस्कृतिक भवन) निर्माणाधीन अवस्थामा रहेका छन् । चालु आव.का लागि गाउँपालिकाको अनुमानित आयमा यस शीर्षकबाट कुनै आय हुने अनुमान गरेको छैन र हालसम्म कुनै आय भएको पनि छैन ।

**सम्भावना :**
यहाँको बेत्रावती बजारमा रहेको बेत्रावती धाम, वडा नं. ३ मा रहेको घ्याङ बुद्ध स्तुपा, वडा नं. २ को गुरुङ सांस्कृतिक भवन, भूमेस्थान मन्दिर, घलेगढी यहाँको प्रमुख पर्यटकीय स्थलहरूहरू हुन् । यी पर्यटकीय स्थलहरू निर्माणाधीन अवस्थामा रहेको हुँदा पर्यटन प्रवेश शुल्क लिन सकिने सम्भावना रहेको छ ।

गाउँपालिकामा निम्नअनुसारका सम्भाव्य चारवटा पर्यटकीय स्थलका रुपमा वार्षिक औसत कुल २२५०० पर्यटक देशका विभिन्न जिल्लाहरूबाट आउने अनुमान गरिएको छ । यसबाट संकलन हुन सक्ने कुल आय र गाउँपालिकाको आय सम्भावनालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका ७: पर्यटन शुल्कको सम्भाव्यता विवरण**

| क्र. सं. | पर्यटन स्थलको नाम | औसत पर्यटक आवागमन संख्या (अनुमानित) | | प्रवेश शुल्क रु. | अनुमानित वार्षिक आय रु. | गा.पा.को आय सम्भावना* |
|---|---|---|---|---|---|---|
| | | दैनिक | वार्षिक | | | |
| १ | वडा नं. ३, घ्याङ, बुद्ध स्तुपा | ३ | १००० | २० | २०००० | ८००० |

| क्र. सं. | पर्यटन स्थलको नाम | औसत पर्यटक आवागमन संख्या (अनुमानित) | | प्रवेश शुल्क रु. | अनुमानित वार्षिक आय रु. | गा.पा.को आय सम्भावना* |
|---|---|---|---|---|---|---|
| | | दैनिक | वार्षिक | | | |
| २ | गुरुङ सांस्कृतिक भवन वडा नं. २ | १ | ५०० | ५० | २५००० | १०००० |
| ३ | उत्तरगया धाम | ५५ | २०००० | ५० | १०००००० | ४००००० |
| ४ | भूमेस्थान मन्दिर | ३ | १००० | २० | २०००० | ८००० |
| ५ | कमेरेगढी | | | | | |
| | | | 22500 | | 1065000 | 426000 |

*कुल उठेको शुल्कको ४० प्रतिशत गापाका लागि र ६० प्रतिशत व्यवस्थापन समितिका लागि हुने गरी गणना गरिएको

**सुधारका पक्षहरूः**

- आर्थिक ऐनमा पर्यटन शुल्क निर्धारण गर्ने
- पर्यटन शुल्क संकलन विधि तय गर्ने ।
- गाउँपालिका तथा व्यवस्थापन समितिको भूमिका बारेमा दुवै पक्ष स्पष्ट हुने ।
- पर्यटन शुल्क संकलन गरी सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने

### छ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, माटो, तथा स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यही व्यवस्था अनुसार गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरी ढुङ्गा, गिट्टी, वालुवाको ठेक्का दिनकालागि बोलपत्र आव्हान गरेको छ । त्यसरी नै घ वर्गको निर्माण इजाजत पत्र, बाट यस गाउँपालिकाले दस्तुर लिंदै आएको छ ।

**सम्भावना :** गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव १३३ जति घ वर्गका निर्माण व्यवसायीहरु, सहकारी, व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक आदि सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. ३,५०० लिइएको खण्डमा प्रति वर्ष रु. ४,६६,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः**

- दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोबार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### ज) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

**हालको अवस्थाः** हालैको केही नेपाल ऐन संशोधन अन्तर्गत भएको स्थानीय शासन सञ्चालन ऐनको संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउंपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक उपलब्ध नभएकाले आगामी आ.व.मा जम्मा रु. ४ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

# परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

गाउँपालिकामा स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्वसम्बन्धी परामर्शका लागि सात सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**तालिका ८: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | चमेली गुरुङ | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २ | वसन्तबहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | तीर्थ घले | वडाध्यक्ष | सदस्य |
| ४ | शान्ता कुमारी गलान | महिला सदस्य | सदस्य |
| ५ | वसन्त कार्की | सहलेखापाल | सदस्य सचिव |

यस समितिले समय समयमा बैठक गर्ने तथा राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वका दरहरू गाउँपालिकामा सिफारिश गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ ।

### *गाउँ सभाले आ.व.२०७५।७६ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :*

उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन गरी पाँचवटा विषय क्षेत्रका लागि नीति तथा कार्यक्रमहरू पारित गरेको छ । यसमा राजस्वसम्बन्धी खास नीति तथा कार्यक्रमहरू रहेका छैनन् । यद्यपि राजस्व प्रवर्द्धनमा सहयोग पुग्नेखालका नीति तथा कार्यक्रमहरू देहायअनुसार रहेका छन् :

- डाडाँगाउँ र ठूलोगाउँमा होमस्टे प्रर्वदनका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
- डाडाँगाउँदेखि गणेश हिमालसम्म पर्यापर्यटन गर्न पैदल मार्गको पहिचान र सुधार गर्न गैरसरकारी क्षेत्रसँग समन्वय गरिनेछ ।
- घलेगढी र कमेरेगढीलाई आर्कषक पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।
- स्थानिय सरकारको रुपमा रहेको गाउँपालिकाको लागि आवश्यक कानुनी संरचनाहरू तयार पार्दै लगिने छ ।
- सुशासनलाई हरेक क्रियाकलापमा केन्द्रमा राखी सेवा प्रवाह र विकास गतिविधिलाई नागरिक मैत्री बनाउँदै लगिने छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको आ.व. २०७३।७४ र २०७४।७५ को यथार्थ आयको अध्ययन गरी तथ्यांक निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा आ.व. २०७३।७४ मा आन्तरिक आयअन्तर्गत पञ्जीकरण व्यवस्थापन शुल्क र बाह्य आय अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबापत प्राप्त रकम नै गाउँपालिकाको मुख्य आय स्रोत भएको देखिन्छ । आ.व. २०७४।७५ मा आन्तरिक स्रोत अन्तर्गत पञ्जीकरण व्यवस्थापन शुल्क, सम्पत्ति मूल्यांकनलगायत अन्य प्रशासनिक शुल्क र बाह्य स्रोत अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबापत संघीय सरकारबाट प्राप्त रकम गाउँपालिकाको मुख्य आयका रुपमा रहेको देखिन्छ ।

उपरोक्त तथ्यांकबाट गत दुई आ.व.मा गाउँपालिकाले नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अख्तियारी प्रदान गरेबमोजिम आन्तरिक आय संकलन गर्न सकेको देखिँदैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा स्थानीय तहलाई अख्तियारी प्रदान भएका सम्पत्ति कर, व्यवसाय कर, बहाल बिटौरी कर, मनोरञ्जन कर तथा अन्य कर तथा गैरकरको कार्यान्वयनका सन्दर्भमा आर्थिक ऐनमा दर मात्र तोकिएको तर संकलनका लागि काम हुन नसकेको परिवेश रहेको छ । र, यससम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ ।

गाउँपालिकाको आ.व. २०७३।७४ तथा आ.व. २०७४।७५ को यथार्थ आयको अवस्था यस परिच्छेदको तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ । आ.व. २०७३।७४ का तुलनामा २०७४।७५ मा आयका स्रोतहरूमा विविधकरण भई आम्दानी वृद्धि भएको देखिन्छ । आ.व. २०७३।७४ मा स्थानीय कर अन्तर्गत मालपोतबाट मात्र तथा सेवा शुल्क अन्तर्गत पञ्जीकरणबाट मात्र आय भएको देखिन्छ । आ.व. २०७४।७५ मा मालपोत, पञ्जीकरण, नक्सापास र सम्पत्ति मूल्यांकनबाट आय भएको देखिन्छ । यसको सार विवरण देहायअनुसार रहेको छ :

| क.सं. | राजस्व शिर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को प्रस्तावित | २०७५/७६ को यथार्थ |
|---|---|---|---|---|
| **क)** | **आन्तरिक आय** | | | |
| | **कर** | **११३** | **२७०** | **१५५** |
| १ | भूमी कर (मालपोत) | ११३ | २५० | १४० |
| २ | घरजग्गा वहाल कर | ० | २० | १५ |
| | **गैरकर (शुल्क तथा दस्तुर)** | **४७५** | **७३०** | **४३४** |
| १ | ढुङ्गा, गिट्टी, वालुवा बिक्री तथा निकासी शुल्क | ० | ३० | ० |
| २ | सम्पत्ति मूल्याङ्कन शुल्क (अन्य प्रशासनिक शुल्क) | १० | ५० | ० |
| ३ | पञ्जिकरण व्यवस्थापन शुल्क | २६ | १५० | १३२ |
| ४ | नक्सापास दस्तुर (अन्य राजस्व) | २४२ | १५० | ८० |
| ५ | दर्ता नविकरण दस्तुर | ० | १५० | ९२ |
| ६ | सिफारिश दस्तुर | १९७ | २०० | १३० |
| **ख)** | **बाह्य आय** | **७६५६२** | **१८०७४७** | **३८६२** |
| | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **०** | **३८४९३** | **३८४९३** |
| १ | संघीय सरकार | ० | ३३१२० | ३३१२० |

| क.सं. | राजस्व शिर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को प्रस्तावित | २०७५/७६ को यथार्थ |
|---|---|---|---|---|
| २ | प्रदेश सरकार | ० | ५३७३ | ५३७३ |
| | **अनुदान** | **७६५६२** | **१८०७४७** | **३८६२** |
| १ | संघीय सरकार वित्तीय समानीकरण अनुदान | १०००० | ६७५०० | |
| २ | संघीय सरकार सशर्त अनुमान | ६६५६२ | ८७९०० | |
| ३ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | ० | ७७२६ | ३८६२ |
| ४ | प्रदेश सरकार सशर्त अनुमान | ० | १७६२१ | |

गाउँपालिकाको आ.व. २०७४।७५ को यथार्थ आन्तरिक आय हेर्दा स्थानीय करअन्तर्गत रु. एक लाख १३ हजार र सेवा, शुल्क, दस्तुर अन्तर्गत रु. चार लाख ७५ हजार गरी कुल पाँच लाख ८९ हजार संकलन भएको देखिन्छ भने चालु आ.व.को पौस मसान्तसम्म पनि सोही बराबर आन्तरिक आय संकलन भएको देखिन्छ । सीमित मालपोत कर तथा पञ्जीकरणबाट आय भएकाले गाउँपालिकाको कुल आय न्यून रहेको छ ।

**तालिका ९: गाउंपालिकाको आन्तरिक आयको अवस्था**

| आन्तरिक आय स्रोत | २०७४/७५ | प्रतिशत | २०७५/७६ को पौससम्मको | प्रतिशत |
|---|---|---|---|---|
| स्थानीय कर (रु.) | ११३ | १९.०० | १५५ | २६.० |
| सेवा शुल्क र दस्तुर (रु.) | ४७५ | ८१.०० | ४३४ | ७४.० |
| **जम्मा आन्तरिक आय** | **५८९** | १००.०० | **५८९** | १००.० |

गाउँपालिकाको समग्र आय संरचना हेर्दा विगत आ.व.मा गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा कुल आयमा करिब १ प्रतिशत मात्र रहेको छ । साविक स्थानीय निकायहरूले परम्परागतरुपमा संकलन गरिआएको मालपोत तथा सिफारिश, दस्तुर बाहेक स्थानीय शासन सञ्चालन ऐनले अख्तियारी प्रदान गरेका कर, गैरकरहरू संकलन गर्न नसक्दा गाउँपालिकाको आन्तरिक आयको हिस्सा कुल आयमा नगण्य हुन पुगेको देखिन्छ । थप विवरण देहायको तालिकाबमोजिम रहेको छ :

**तालिका १०: गाउम्पालिकाको समग्र आयको अवस्था**

| आय स्रोत | २०७४/७५ | प्रतिशत | २०७४/७५ को यथार्थ | प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक आय (रु.) | ५८९ | ०.७६ | ५८९ | १.३७ |
| राजस्व बाँडफाँड (रु.) | ० | ०.०० | ३८४९३ | ८९.६४ |
| अनुदान (रु.) | ७६५६२ | ९९.२४ | ३८६२ | ८.९९ |
| **जम्मा** | **७७१५१** | **१००.००** | ४२९४४ | **१००.००** |

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

गाउँपालिकाको राजस्व संकलनसम्बन्धी संस्थागत व्यवस्था देहायअनुसार रहेको छ ।

- गाउँपालिकाको संगठन संरचना तयार भएको छ उक्त संरचनाअनुसार प्रशासन, योजना तथा अनुगमन शाखाअन्तर्गत सहायकस्तर पाँचौंले सम्हाल्ने गरी गाउँपालिकामा राजस्व एकाइको व्यवस्था रहेको छ । राजस्व संकलनका लागि छुट्टै काउन्टर रहेको छैन । यो प्रतिवेदन तयारी गर्दाको अवस्थामा हेर्दा लेखापाललाई जिम्मेवारी दिइएको भए पनि गाउँपालिका कार्यालयमा अन्य कर्मचारीले पनि बिलिङ गर्ने गरेको पाइन्छ ।
- वडा कार्यालयहरूका हकमा भने वडा सचिव र कार्यालय सहयोगीले विलिङ गर्ने र दैनिक कम्प्युटरमा इन्ट्री गर्ने अभ्यास रहेको छ ।
- वडा कार्यालयबाट पञ्जीकरण, सिफारिश तथा मालपोत संकलन गर्ने गरिएको छ ।
- राजस्वसम्बन्धी छुट्टै कम्प्युटर सफ्टवेयर भने रहेको छैन ।



गाउँपालिकामा राजस्व संकलन गरिँदै



गाउँपालिकामा राजस्वसम्बन्धी भौचर र सम्बन्धित कागजपत्रको फाइलिङ पद्धति

- राजस्व शाखामा कार्यरत कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार सामान्य र नम्र रहेको ।
- राजस्व संकलन सम्बन्धमा गाउँपालिकाले कुनै छुट्टै कार्यविधि भने तयार गरेको छैन ।
- राजस्व संकलनको जिम्मेवारीसहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकताअनुसार तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नियमितरुपमा नभएको ।

## ४.५. राजस्व परिचालनमा रहेका सवालहरू

संघीय सरकारको मातहतमा रहेका राजस्व संकलनका धेरै अधिकारहरू नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनमार्फत् स्थानीय तहहरूमा हस्तान्तरण भएको भए पनि यस गाउँपालिकाले प्राप्त अख्तियारी अनुसार करको दायरा र कुल राजस्व वृद्धि गर्नेतर्फ थुप्रै कामहरू गर्नुपर्ने देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका प्रमुख सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन संकलन राजस्व सम्बन्धी छुट्टै कार्यविधिहरू, कर्मचारी, कार्यस्थल तथा आवश्यक वातावरण हुनु आवश्यक छ ।  कर तथा गैरकर राजस्वका विभिन्न शीर्षकअनुसार छुट्टै कार्यविधि तर्जुमा भएमा राजस्वको संकलन र व्यवस्थापन प्रभावकारी हुन सक्छ । संगठन संरचनाले राजस्व एकाइमा पाँचौ तहको एकजना कर्मचारीको व्यवस्था गरेको छ तर व्यवहारिक रुपमा एकजना कर्मचारी पनि राजस्वका लागि मात्र खटिएको पाइँदैन । राजस्व एकाइका सट्टामा राजस्व शाखा गाउँसभाबाट स्वीकृत गरी

कम्तीमा दुईजना कर्मचारी राजस्व शाखाकै लागि खटाउने, सोही काममा लगाउने तथा जिम्मेवारी र आवश्यकताअनुसार क्षमता विकासका अवसरहरू उपलब्ध गराउनु आवश्यक छ ।

**ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल गाउँपालिकामा सम्पत्ति कर, मालपोत/भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्यांक उपलब्ध छैन । यसर्थ सबै किसिमका करदाताको विवरण संकलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक छ, यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न आधार प्रदान गर्दछ । अद्यावधिक अभिलेखविना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना हुनु अति जरुरी छ ।

कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीको स्थापना गर्न सकेमा राजस्व संकलनमा पारदर्शिता तथा विश्वसनीयता वृद्धि गरी राजस्वसम्बन्धी अनुगमनको चाप न्यूनीकरण गर्नमा समेत योगदान गर्दछ । गाउँपालिकालगायत सबै वडा कार्यालयहरूमा कम्प्युटर र कम्तीमा दुईजना कर्मचारीको व्यवस्था भइसकेको वर्तमान सन्दर्भमा वडा कार्यालयसहितमा राजस्व सफ्टवेयरको व्यवस्था गर्ने, कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्ने र वडा कार्यालयहरूलाई गाउँपालिकासँग कम्प्युटर नेटवर्किङ गरेमा राजस्व संकलन बढी प्रभावकारी हुने देखिन्छ ।

**ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शिर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

हाल कुन कुन शीर्षकमा के कति राजस्व संकलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रुपमा आय स्पष्ट हुने गरी लेखा राख्नु जरुरी छ ।

**ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकमसम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालनसम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नुपर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायत कार्यपालिका सदस्यहरू, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समूहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयारी तथा प्रस्तुती गरिएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तन क्षेत्रमा विभाजन गरिएको छ :



- क. कर राजस्व सुधार योजना
- ख. गैरकर राजस्व सुधार योजना
- ग. राजस्व प्रशासन सुधार योजना

### क. कर राजस्व सुधार योजना

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

**तालिका ११: कर राजस्व सुधार कार्ययोजना**

| कर राजस्वका शिर्षकहरू | सुधारका लागि गर्नु पर्ने कार्यहरू | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| १. भूमिकर (मालपोत) | उत्पादन र उपायोगको आधारमा जग्गाको मूल्यांकन गरी समयानुकूल मालपोत दर निर्धारण गर्ने | २०७५ असार मसान्त | कार्यपालिका, गाउँसभा |
| | मोटरबाटो कायम नभएकाले सडक कायम गर्नुपर्ने | २०७६ साल श्रावण देखि | कार्यपालिका |
| | भूमिकर सम्बन्धी कार्यविधी तर्जुमा गरी कर संकलन गर्ने | २०७५ असार मसान्त | कार्यपालिका |
| | बाढी, पहिरोबाट क्षति भएको जग्गाको एकीन गरी कर कम लगाउने | २०७५ असार मसान्त | कार्यपालिका |
| | करसम्बन्धी जानकारीमूलक सचेतीकरण अभियान | २०७६ अषाढ मसान्त | गाउँ |

| कर राजस्वका शिर्षकहरू | सुधारका लागि गर्नु पर्ने कार्यहरू | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| | सञ्चालन गर्ने | सम्म | कार्यपालिका र वडा कार्यालय |
| २. सम्पत्ती कर | गाउँपालिका सबै सम्भावित करदाताको लगत संकलन गर्ने | २०७५ असार मसान्त | कार्यपालिका |
| | घर कायम नभएका हकमा आवश्यक प्रक्रिया पुरा गरी घर कायम गर्ने | २०७५ असार मसान्त | कार्यपालिका |
| | घर कायम गर्नका लागि नक्सापास अनिवार्य गर्ने | २०७५ असार मसान्त | कार्यपालिका |
| | सम्पत्ती कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने | २०७५ साल चैत्र मसान्तसम्म | कार्यपालिका |
| | वडागत रुपमा कर सचेतना अभियान संचालन गर्ने | २०७६ साल श्रावणसम्म | कार्यपालिका |
| ३. घरजग्गा वहाल कर | लगत विवरण संकलन तथा करदाता पहिचान गर्ने र छलफल गर्ने | २०७५ साल चैत्र मसान्तसम्म | कार्यपालिका |
| | घरजग्गा वहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने | २०७६ साल असार मसान्त सम्म | कार्यपालिका |
| | घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने | २०७५ साल चैत्र मसान्तसम्म | वडा कार्यालय |
| ४. व्यवसाय कर | गापामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण/लगत संकलन गर्ने | २०७६ असार | कार्यपालिका |
| | व्यवसाय दर्ता अभियान सञ्चालन गर्ने | आ.व. २०७५/७६ भित्र | कार्यपालिका प्रशासन शाखा |
| | लगानी र आर्थिक कारोवारको आधारमा दर्ता, शुल्क र कर निर्धारण गर्ने | २०७६ वैशाखभित्र | राजस्व परामर्श समिति, गाउँसभा |
| | व्यवसायको वर्गीकरण र क्षेत्र निर्धारण गर्ने | २०७५ चैत मसान्तसम्म | कार्यपालिका |
| ५. जडिबुटी, कवाडी र जीवजन्तु कर | जडीबुटी, कवाडी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने तथा कर व्यवस्थापन कार्यविधि तयार गर्ने | चैत मसान्त<br>असार मसान्त | कार्यपालिका, प्रशासन शाखा र गाउँसभा |
| ६. विज्ञापन कर | १. विद्यमान विज्ञापनको लगत संकलन तथा वर्गीकरण गरी मूल्यांकन दर निर्धारण गर्ने | असार मसान्तभित्र | कार्यपालिका |

## गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

| गैरकर राजस्वका शीर्षक | सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. स्लेट, ढुंगा, गिट्टी, बालुवा, माटो, आदि वस्तु बिक्रीबाट प्राप्त हुने आय | १. आर्थिक वर्षको सुरुमा ठेक्का लगाउने काम सम्पन्न गर्ने | भदौ मसान्त, २०७६ | ● गाउँ कार्यपालिका |
| | २. निजी खानीको लाइसेन्स (अनुमति पत्र) दिने | वैशाख मसान्त, २०७६ | ● राजस्व शाखा |
| | ३. अनुमति पत्रका लागि सूचना जारी गर्ने | वैशाख मसान्त, २०७६ | ● गाउँ कार्यपालिका |
| | ४. आवश्यक शुल्क दर तोक्ने | असार मसान्त, २०७६ | ● राजस्व शाखा |
| २. नक्सापास दस्तुर | १. घर निर्माणका लागि नक्सापासलाई अनिवार्य गर्ने तथा यस व्यवस्थाका बारेमा सम्बन्धित सबैलाई जानकारी हुने गरी प्रचार-प्रसार गर्ने | असारमसान्तसम्म | ● राजस्व शाखा र वडा कार्यालय<br>● राजस्व शाखा र वडा कार्यालय<br>● प्राविधिक शाखा |
| | २. जनप्रतिनिधिहरूलाई अभिमुखीकरण गर्ने | | |
| | ३. पक्की घरको नक्सापास अनिवार्य गरी सबै प्रकारको घरको अभिलेखन गर्ने | | |
| | ४. नक्सापास गर्नुपर्ने घरटहराहरूको अभिलेख वापतको शुल्क निर्धारण गर्ने | | |
| ३. बहाल बिरौटी शुल्क | १. सार्वजनिक जग्गा, सडकको जग्गा, ऐलानी र पर्ती जग्गामा भएका अस्थायी टहराहरूको लगत संकलन गर्ने | ● वैशाख मसान्तसम्म | ● राजश्व शाखा र वडा कार्यालय |
| | २. बहाल बिटौरी शुल्क परिमार्जन गर्ने | ● २०७६ असार मसान्त | गापा कार्यालय |
| | ३ सम्बन्धित सबैलाई सुसूचित गर्ने | असारदेखि | वडा कार्यालय |
